# सिद्धार्थ बैंक लिमिटेडको
# एक्काइसौं वार्षिक साधारण सभाको
# कामकारवाहीको विवरण (माइन्यूट)

१. **सभाको काम कारवाही:**

मिति २०७९ साल पौष महिना २८ गते तद्नुसार १२ जनवरी, २०२३ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको एक्काइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको एक्काइसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

२. **सभाको मिति, समय र स्थान:**

मिति : २०७९ साल पौष २८ गते बिहीबार (तद्नुसार १२ जनवरी, २०२३)
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : बिहान ११:०० बजे ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०७९ साल पौष ०५ गते (तदनुसार २० डिसेम्बर, २०२२) गतेका दिन बसेको सञ्चालक समितिको ४०३औं बैठकको निर्णयानुसार बोलाईएको यस एक्काइसौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम एक्काइसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७९ पौष ०६ गते तथा मिति २०७९ पौष २० गते कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१. **सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार केडिया | अध्यक्ष |
| २. | श्री नरेन्द्र कुमार अग्रवाल | सञ्चालक |
| ३. | श्री राहुल अग्रवाल | सञ्चालक |
| ४. | श्री दिनेश शंकर पालिखे | सञ्चालक |
| ५. | श्री अंकित केडिया | सञ्चालक |
| ६. | श्री मिना कुमारी सैंजु | स्वतन्त्र सञ्चालक |

४.२. **पर्यवेक्षकको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री सन्दीप कार्की | प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि. |
| २. | श्री रिकेश श्रेष्ठ | प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि. |
| ३. | श्री मुनलाईट श्रेष्ठ | प्रतिनिधि- जि.पि. राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस् |

४.३. **पदाधिकारीहरुको उपस्थिती:**

| | | |
|---|---|---|
| १. | श्री सुन्दर प्रसाद कडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रामेश्वर प्रसाद बस्याल | नायब प्रमुख कार्यकारी अधिकृत |

३. श्री शेर बहादुर बुढाथोकी — सहायक प्रमुख कार्यकारी अधिकृत
४. श्री सृजन कृष्ण मल्ल — प्रमुख- सूचना प्रविधि
५. श्री सुरेशराज महर्जन — प्रमुख- बिजनेश सपोर्ट/पेमेण्ट सोलुसन्स्
६. श्री शैलजा ज्ञवाली — प्रमुख- एकीकृत जोखिम व्यवस्थापन
७. श्री प्रदिप पन्त — प्रमुख- भ्याली रिसोर्सेस
८. श्री ज्ञानेन्द्र कार्की — प्रमुख- सामान्य प्रशासन
९. श्री लक्ष्मण घिमिरे — कम्पनी सचिव
१०. श्री निराकर बहादुर सिँह — प्रमुख- आन्तरिक लेखापरिक्षण
११. श्री प्रमेश श्रेष्ठ — प्रमुख- वित्त तथा लेखा

## ५. सभाको गणपुरक संख्या:

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| १२,५२,४४,२६८.३१ | ७,०४,७५,७७३ | ७१२ | ९९ | ८११ | ५६.२७ |

## ६. सभाको विषयसूची तथा प्रस्तावहरु:

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

५. बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) को ०.६६ प्रतिशतका दरले रु. ८,२३,९७,५४५/- (अक्षरेपी आठ करोड तेईस लाख सन्तानब्बे हजार पाँच सय पैतालीस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

### (ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) को १२.५० प्रतिशतका दरले

हुने रु. १,५६,५५,५३,३५४/- (अक्षरेपी एक अर्ब छपन्न करोड पचपन्न लाख त्रिपन्न हजार तीन सय चौवन्न रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. बैंकले आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

५. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

७. **<u>सभाको वैधानिकता:</u>**

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक सँख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको एक्काइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या ८११ (प्रोक्सी समेत) एवं कुल शेयरको ५६.२७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नुभयो ।

८. **<u>सभाको सभापतित्व र सभा संचालन:</u>**

कम्पनी ऐन २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले यस एक्काइसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

९. **<u>अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति:</u>**

साधारण सभाको निर्धारित विषय सूची १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको प्रतिवेदन आ.व. २०७८/७९ को महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त मन्तव्य सहित बैठकको अध्यक्षता गरिरहनु भएका

सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको आ.व. २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन लगायत २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०७८ श्रावण ०१ देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

**१०. छलफलको लागि आह्वान:**

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन लगायत २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०७८ श्रावण ०१ देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित ८ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

| क्र.स. | वक्ता शेयरधनीको नाम | क्र.स. | वक्ता शेयरधनीको नाम |
|---|---|---|---|
| १. | श्री भक्ति प्रसाद उप्रेती | ५. | श्री ब्रम्हदेव शाक्य |
| २. | श्री गुणराज भट्ट (लिखित मन्तव्य) | ६. | श्री अंगराज भारती |
| ३. | श्री जयन्द्र मान सिंह बानिया | ७. | श्री राम गोपाल मर्हजन |
| ४. | श्री चन्द्र नारायण श्रेष्ठ (लिखित मन्तव्य-इमेल मार्फत) | ८. | श्री सुदिप श्रेष्ठ |

**शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरण**

**श्री भक्ति प्रसाद उप्रेती**

- बैंकको एक्काइसौं वार्षिक साधारण सभाको सफलताको कामना सँगै सम्बन्ध सधैंभरीलाई भन्ने कर्पोरेट नारा सहित अघि बढेको यस बैंकको सफलताको कामना गर्दछु । १२.५० % बोनश शेयर तथा कर सहित ०.६६ % नगद लाभांश गरी जम्मा १३.१६ % लाभांश प्रदान गरेकोमा धन्यवाद छ । अन्य केही बैंकको तुलनामा लाभांशको प्रतिशत धेरै रहेको र पूँजी समायोजन कोषबाट समेत लाभांश वितरण गरेकोमा धन्यवाद ।
- बैंकले प्राप्त गरेका सम्पूर्ण सम्मानहरुको लागि बधाई ।
- ब्याज आम्दानी बढेको छ भने गैर ब्याज आम्दानी घटेको छ । विदेशी विनिमयबाट हुने आम्दानी घटेको छ । गैर ब्याज आम्दानी वृद्धि गर्न उचित ध्यान दिनुपर्ने ।
- बैंकले किफायती खर्च गरेको देखिन्छ । यसलाई भविष्यमा पनि निरन्तरता दिनुपर्ने ।
- कर्जा अपलेखनको तुलनामा असुली धेरै गरिएको छ । असुलीलाई उच्च प्राथमिकतामा राखेकोमा धन्यवाद ।
- वार्षिक साधारण सभा कार्तिक वा मङ्सिरसम्म गर्नुपर्ने ।
- अन्य बैंकहरु मर्जरमा सहभागी भई चुक्ता पूँजीका आधारमा ठूला भएता पनि यस बैंक चुक्ता पूँजीका आधारमा सानो भएता पनि बलियो बैंकको रुपमा स्थापित भएको । त्यसैले मर्जरमा जानु पर्ने आवश्यकता देखिएको छैन ।
- निक्षेप वृद्धि गरी ब्याज आम्दानी वृद्धि गर्नुपर्ने ।

- पूँजी व्यवस्थापन प्रभावकारी रहेको ।
- साइबर सुरक्षामा बैंकले उत्कृष्ट काम गर्नुपर्ने ।
- गैर बैंकिङ्ग सम्पत्तिलाई समयमा बिक्री गर्न उच्च प्राथमिकतामा राख्नुपर्ने ।
- नियमनकारी कोष, ब्याज बक्यौता तथा कर्जा नोक्सानी व्यवस्थामा रहेको रकमलाई Add Back गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने ।
- वार्षिक साधारण सभामा पेश भएका सामान्य प्रस्ताव तथा विशेष प्रस्तावहरुलाई समर्थन गर्दछु ।

**श्री गुणराज भट्ट (लिखित मन्तव्य)**

- कर बाहेक १२.५० % बोनश शेयर शेयरधनीलाई वितरण गर्ने प्रस्ताव अत्यन्त प्रशंसनीय भएकोले हार्दिक धन्यवाद । आगामी वर्ष १६ % भन्दा बढी बोनश शेयर पाउने आशा छ ।
- समीक्षा वर्षको बोनश शेयर पश्चात् बैंकको चुक्ता पूँजी रु. १४ अर्ब भन्दा माथि हुने हुँदा कुनै अन्य बैंक वा वित्तीय संस्थामा गाभ्ने वा गाभिने र प्राप्त गर्न आवश्यक छ जस्तो लागेन । अस्वस्थ्य प्रतिस्पर्धा हुने गरी ठूलो बैंक हुने कोशिस नगरौं । बैंकलाई चुस्त र दुरुस्त बनाई ग्राहकलाई सन्तुष्ट पार्न सकेको खण्डमा बैंकले बढी भन्दा बढी नाफा आर्जन गर्न सक्नेछ ।
- बैंकले विभिन्न संस्थाबाट सम्मान तथा Award प्राप्त गरेकोमा अत्यन्तै खुसि लाग्यो । हार्दिक बधाई व्यक्त गर्दै भविष्यमा अझ उत्कृष्ट कार्य गर्ने प्रेरण मिलोस भन्ने शुभकामना ।
- साधारण सभामा प्रस्तुत गरिएका साधारण तथा विशेष प्रस्तावहरुको समर्थन गर्दै एक्काइसौं वार्षिक साधारण सभाको सफलताको कामना ।

**श्री जयन्द्र मान सिंह बानिया**

- वार्षिक वित्तीय प्रतिवेदन हेर्दा बैंक उचित किसिमले संचालन भएको देखिन्छ । पूँजी पर्याप्तता बासेल ३ अनुसार ११ % भए पुग्नेमा १३ % रहेको छ । खराब कर्जा १ % भएको हुँदा सम्पत्तिको गुणस्तर राम्रो रहेको छ । यसलाई १ % भन्दा कम गर्नुपर्ने ।
- उचित व्यवस्थापन भएको कारणले विभिन्न Award हरु प्राप्त गरेको छ ।
- आम्दानीको हिसाबमा गत वर्ष भन्दा सुधार भएको ।
- हालको अवस्थामा विभिन्न बैंकको तुलनामा लाभांश राम्रो रहेको ।
- गत वर्ष भन्दा आम्दानी वृद्धि भएता पनि प्रति शेयर आम्दानी वृद्धि हुन नसकेको ।
- विदेशी विनिमय कारोबारबाट हुने आम्दानी घटेको हुँदा यसलाई वृद्धि गर्नुपर्ने ।
- Return on Assets लाई बढाउने तर्फ ध्यान दिनुपर्ने ।
- तरलता कम भएको हुँदा यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

**श्री चन्द्र नारायण श्रेष्ठ (लिखित मन्तव्य-इमेल मार्फत)**

- समयमा नै वार्षिक साधारण सभा आव्हान गरेकोमा धन्यवाद ।
- यस वर्ष बोनश शेयर १२.५० % र कर प्रयोजनका लागि ०.६६ % नगद लाभांशको प्रतिफल दिन सकेकोमा हार्दिक धन्यवाद । बैंकबाट यस वर्ष जस्तै आगामी आ.व. मा अझ बढी प्रतिफलको सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नुपर्ने ।
- आगामी वर्षहरुमा समेत यस्तै उन्नति प्रगति हुनेछ भने आशा गर्न सकिन्छ ।

**श्री ब्रम्हदेव शाक्य**

- इमान्दारी र पारदर्शी ढंगले काम गर्दै संस्थागत सुशासन कायम गर्न विभिन्न नीति तथा कार्यविधि लागु गरेको यस बैंक प्रति भरोसा र विश्वास प्रगाढ भई उत्कृष्ट ५ ठूला वाणिज्य बैंकको सूचीमा स्थापित हुन सकेको ।
- बैंकले कोरोना लगायतका कारणले देशको अर्थतन्त्रमा प्रतिकुल अवस्था रहेको समयमा पनि दोहोरो अंकको लाभांश प्रदान गर्ने प्रस्ताव गरेकोमा धन्यवाद ।
- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०८० आषाढ सम्ममा बैंकहरुको स्प्रेड दर ४ प्रतिशत कायम गर्नुपर्नेछ । यस हिसाबले आगामी वर्ष लाभांश दरमा कमी आउँछ भन्ने शंका लागेको । आशा गर्दछु बैंकले उचित कदम चालेर हामीलाई दोहोरो अंकको प्रतिफल प्रदान गर्नेछ ।
- देशलाई आत्मनिर्भर बनाउन तथा विदेश जाने नेपालीहरुको संख्यामा कमी ल्याउन बैंकले Entrepreneurship Development को लागि कार्य गर्नुपर्ने ।
- बैंकले व्यवहारिक वित्तीय साक्षरताका कार्यक्रम गर्नुपर्ने । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका कार्यहरुको अनुमोदन गर्दछु ।
- बैंकले विभिन्न सम्मान तथा उपाधि प्राप्त गरेकोमा बधाई ज्ञापन गर्दछु । बैंकको उन्नती र प्रगतीका लागि कार्य गर्नुहुने संचालक समिति, व्यवस्थापन समुह एवं कर्मचारीहरुलाई धन्यवाद ।

**श्री अंगराज भारती**

- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस बैंकले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह नगरेको तर सोही शिर्षकहरुमा कर्जा असुली गरिरहेको भन्ने आशयको मन्तव्य राख्नु भएको थियो ।

**श्री राम गोपाल मर्हजन**

- १२.५० % बोनश शेयर तथा कर सहित ०.६६ % नगद लाभांश गरी जम्मा १३.१६ % लाभांश प्रदान गरेकोमा धन्यवाद छ । यस वर्षको मुनाफा सोचे अनुरुप वृद्धि हुन नसकेकोमा यसमा ध्यान दिनुपर्ने ।
- शाखा खोल्ने मात्रै नभई विद्यमान शाखाहरुमा भएका कारोबार समेतलाई ध्यान दिनुपर्ने ।
- नेपाल राष्ट्र बैंकले तोकेका निर्देशन बमोजिम कार्य गर्न अनुरोध ।
- कर्मचारीलाई समय, सुविधा सुहाउँदो तालीम प्रदान गर्नुपर्ने ।
- शेयरमा गरेको लगानीलाई समयमा बिक्री गरी मुनाफा वृद्धि गर्नुपर्ने ।

**श्री सुदिप श्रेष्ठ**

- अहिलेको जस्तो विषम परिस्थितिमा १२.५० % बोनश शेयर लाभांश प्रदान गरेकोमा स्वागत ।
- बैंकले आ.व. २०७८/७९ को आर्थिक गतिविधि एवं Financial Indicators हरुलाई Pie Chart र Bar Diagram बाट सबैले बुझिने तरिकाले राख्नु भएकोमा धन्यवाद ।
- बैंकले आफ्नो नवनिर्मित केन्द्रीय कार्यालय भवन का.म.न.पा. नक्सालको साथसाथै वीरगंज तथा बिराटनगरमा आफ्नै भवनबाट कार्य संचालन गर्नु पनि यस बैंकको संचालक समिति र व्यवस्थापनको अथक मिहेनत र कार्य कुशलतालाई लिनु पर्छ ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफः

सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- सकरात्मक भई हौसला प्रदान गरिदिनु भएकोमा धन्यवाद । शेयरधनी महानुभाव एवं नियामक निकायले दिनु भएका मार्गदर्शन, सल्लाह, सुझावको कारणले बैंक यहाँ सम्म आइपुगेको छ। बैंकको सुधार एवं सुदृढीकरणका लागि दिनु भएका सुझावहरुको बैंकले हार्दिकताका साथ मनन गरेको छ र यथासम्भव कार्यान्वयन पनि गर्दै आइरहेको छ ।
- बैंकले प्राप्त गरेका विभिन्न सम्मान तथा उपाधिले हौसला बढ्नुका साथै जिम्मेवारी पनि बढेको महशुस गरेका छौं । आगामी दिनहरुमा सम्पूर्ण मापदण्डहरुको पालना गर्दै बैंकलाई अझै सबल बनाउने र कर्मचारीको कार्यक्षमता अभिवृद्धि गरी यस्ता थप उपाधि तथा सम्मान प्राप्त गर्ने तर्फ बैंक क्रियशिल रहनेछ।
- कर्मचारीलाई तालीम प्रदान नगरी बैंकले दिने सेवामा प्रभावकारिता आउन सक्दैन भन्ने विषयमा बैंक व्यवस्थापन तथा संचालक समिति कटिबद्ध छ। बैंक व्यवस्थापनलाई थप चुस्त दुरुस्त बनाउन समय समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा विभिन्न तालीमहरुमा सहभागी गराई कर्मचारीको सीप, दक्षता र क्षमता अभिवृद्धिको लागि पनि बैंकले यथेष्ट कार्य गर्दै आएको छ । गत वर्ष बैंकले विभिन्न किसिमका तालीमहरु संचालन गरेको थियो । आगामी दिनमा समेत कर्मचारी तालीम तथा वृत्ति विकासमा विगतमा गरिएका प्रयासहरुलाई निरन्तरता दिँदै जानेछौं ।
- बैंकले Digital First बन्नको लागि नीति तर्जुमा गरि कार्य गरिरहेको छ । आगामी दिनमा Artificial Intelligence लगायतका नवीनतम माध्यम मार्फत थप ग्राहकमैत्री, सहज, सरल र विशिष्टिकृत सेवा विस्तार गर्ने लक्ष्य रहेको छ ।
- कोभिड-१९ र यस पछिका घट्नाक्रमले पुरै विश्वमा आएको आर्थिक मन्दी, Spread Rate घट्नु लगायतका नीतिगत निर्णयहरुका कारणले बैंकको मुनाफा घटेको छ। बैंकको उद्देश्य मुनाफा मात्र नभई कार्य क्षमता अभिवृद्धि गर्ने, जिम्मेवारि पूर्वक कार्य गर्ने, राष्ट्रको उन्नतीमा टेवा पुर्‍याउने रहेको छ। आगामी दिनमा बैंकले नयाँ लगानीका क्षेत्रहरु पहिचान गरि लगानी विस्तार गर्दै शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्नेछ।
- बैंकले निक्षेप, कर्जा, गैर ब्याज आम्दानी, ब्याज आम्दानी वृद्धि गर्ने, भौतिक पूर्वाधार विस्तार गर्ने, Cyber Security बढाउने जस्ता सुझावहरुलाई आफ्ना विभिन्न कार्यक्रमहरुमा समावेश गरि क्रमशः लागु गर्दै आइरहेको छ ।
- गत आ.व.मा बैंकको गैर ब्याज आम्दानीमा शेयर कारोबारबाट भएको आम्दानी उल्लेख्य थियो भने समीक्षा आ.व.मा शेयर बजारमा आएको गिरावट तथा शेयर सम्बन्धी कारोबारमा आएका नीतिगत व्यवस्थाका कारणले गर्दा गैर ब्याज आम्दानीमा कमी आएको हो । अन्य शीर्षकमा बैंकले उल्लेखनीय सुधार गर्दै आएको छ । आगामी दिनहरुमा अन्य गैर ब्याज आम्दानीका श्रोतहरु पहिचान गरी बैंकको आम्दानी वृद्धि गर्ने कार्यमा उचित ध्यान दिनेछौं ।
- कार्तिक महिना भित्र वार्षिक साधारण सभा गर्ने लक्ष्यका साथ कार्य गरिएको थियो। विविध कारणवश स्वीकृति पाउन ढिला भएको हो। आगामी वर्ष शेयरधनी महानुभावको सुझावलाई मध्यनजर गर्दै लेखापरिक्षण कार्यलाई अझ तिव्रता दिई वार्षिक साधारण सभा चाँडै गर्न थप प्रयास गर्नेछौं ।

- Cyber Security चुनौतीको रुपमा आएको छ । Digitization लाई प्रोत्साहन गर्नुका साथै Cyber Security लाई कसरी सुधार गर्न सकिन्छ भनि योजना बनाएका छौं । बैंकले Digital Strategy 2025 अन्तर्गत Cyber Security लाई थप बलियो बनाउने कार्य भइरहेको छ र आगामी दिनमा यसलाई थप सुधार गर्दै जानेछौं ।
- आगामी वर्षमा Return on Assets, वित्तीय साक्षरतामा वृद्धि गर्दै जानेछौं । बैंकका विभिन्न शाखाहरु मार्फत थप वित्तीय साक्षरता अभियान संचालन गर्नेछौं । नेपाल राष्ट्र बैंकका विभिन्न कार्यक्रमहरुसँग एकाकार गर्दै एउटा अभियानका रुपमा थप प्रभावकारी रुपले अगाडी बढाउनेछौं ।
- हाम्रा वित्तीय विवरणहरु पारदर्शी छन । बैंकले कारोबार गर्दा नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायले जारी गरेका निर्देशनको पालना गरी कार्य गरिरहेको छ । नियामक एवं सरोकारवालालाई जानकारी दिनुपर्ने सम्पूर्ण विवरण समयमा सम्प्रेषण गरेको छौं । बैंकको कारोबार सम्बन्धी कुनै जानकारी आवश्यक भएमा बैंकका प्रमुख सुचना अधिकारीसँग छलफल गरी प्राप्त गर्न सक्नु हुनेछ ।
- आगामी दिनहरु निश्चितरुपले आर्थिक दृष्टिकोणबाट कठीन छन । कठीन अवस्थामा पनि यस बैंक अझै सुदृढ भई राम्ररी काम गर्दै जानेछ भन्नेमा पूर्ण विश्वास लिएका छौं । वर्तमान प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा बैंकले अझै सफलता हासिल गर्नेछ । भविष्यमा आउने चुनौतीहरुको सामना गरी आदरणीय शेयरधनी महानुभावले दिनुभएका सल्लाह, सुझावहरुलाई आत्मसात गरी थप उर्जाका साथ अगाडी बढ्ने छौं ।

## १२. सभाको निर्णयहरु:

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

**(क) सामान्य प्रस्ताव**

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७८/७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १६५ (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१ (ङ) अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम बैंकमा प्राप्त भएका प्रस्तावहरुको मूल्यांकनका आधारमा अध्ययन गर्दा लेखापरीक्षण सम्पन्न गर्न लाग्ने समयावधि, बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, अन्तर्राष्ट्रियस्तरका लेखापरीक्षण संस्थासँगको सम्बद्धता, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको

SiddharthaBank

संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमा सिफारिस भएका ३ वटा लेखापरीक्षण फर्महरु SAR Associates, Joshi and Bhandari, Sujan Kafle and Associates मध्येबाट आ.व २०७९/८० को लागि Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन २० (१) बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन, कानुन बमोजिम बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि एकमुष्ठ कुल लेखापरीक्षण शुल्क रु. १२,००,०००/- ( अक्षरेपी बाह्र लाख रुपैंया) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैंया) पारिश्रमिक दिने गरी बाह्य लेखापरीक्षक नियुक्ति गर्नका लागि साधारण सभा समक्ष प्रस्ताव पेश भयो ।

उल्लेखित प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा लेखापरीक्षण फर्महरुले प्रस्ताव गरेको लेखापरीक्षण रणनीति, लेखापरीक्षण सम्पन्न गर्न लाग्ने समयावधि, बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, अन्तर्राष्ट्रियस्तरका लेखापरीक्षण संस्थासँगको सम्बद्धता, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमाआधारमा मूल्यांकन गर्दा SAR Associates, Chartered Accountants उत्कृष्ट देखिएको हुँदा सोही SAR Associates, Chartered Accountants लाई प्रस्ताव बमोजिम Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन २० (१) बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन, कानुन बमोजिम बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि एकमुष्ठ कुल लेखापरीक्षण शुल्क रु. १२,००,०००/- (अक्षरेपी बाह्र लाख रुपैंया) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैंया) पारिश्रमिक दिने गरी आ.व. २०७९/८० को लागि बैंकको बाह्य लेखापरीक्षकमा नियुक्ति गर्ने सम्बन्धी प्रस्ताव कम्पनी ऐन २०६३ को दफा १११ (१) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (१) बमोजिम सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) को ०.६६ प्रतिशतका दरले रु. ८,२३,९७,५४५/- (अक्षरेपी आठ करोड तेईस लाख सन्तानब्बे हजार पाँच सय पैतालीस रुपैंया मात्र) शेयरधनीहरुलाई नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) को १२.५० प्रतिशतका दरले हुने रु. १,५६,५५,५३,३५४/- (अक्षरेपी एक अर्ब छपन्न करोड पचपन्न लाख त्रिपन्न हजार तीन सय चौवन्न रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

Siddhartha Bank

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा माथि विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन/थप गर्ने सम्बन्धी सञ्चालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**सिद्धार्थ बैंक लिमिटेडको प्रबन्धपत्रमा**
**प्रस्तावित संशोधन/थप/घटको तीनमहले विवरण**

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| २ (१) | **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ मा रहनेछ । | **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १, नक्सालमा रहनेछ । | बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय परिवर्तन गर्न । |
| ५(१) को खण्ड (ख) | बैंकको जारी पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) हुनेछ । | बैंकको जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) रुपैंया मात्र) हुनेछ । | बैंकको हाल कायम चुक्ता पूँजीको १२.५० प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव पेश भएकाले । |
| ५(१) को खण्ड (ग) | बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) रुपैंया मात्र) हुनेछ । | |

**सिद्धार्थ बैंक लिमिटेडको नियमावलीमा**
**प्रस्तावित संशोधन/थप/घटको तीनमहले विवरण**

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| २ (क) | **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ कमलादीमा नेपालमा रहनेछ । | **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १, नक्सालमा रहनेछ । | बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय परिवर्तन गर्न । |

३. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा बोनस शेयर प्रस्ताव गरिएकोमा सो बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि लगायतका विषयहरुको कारण बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा थप, मिलाउनु पर्ने भएमा मिलाउने, सो संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट

गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम मिलाउन तथा संशोधन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

४. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख र रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरियो :

- कोशी अस्पताल, बिराटनगर, मोरङ्गलाई रु. ५० लाख बराबरको हेमोडायलाइसीस मेशीनहरु प्रदान ।
- शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाडौंलाई सर्जिकल वार्ड विस्तार गरी बेडहरु थप गर्नको लागि रु. १५ लाख आर्थिक सहयोग ।
- पेप्सीकोला स्थित सूर्यमुखि पार्कमा क्यालिस्थेनिक्स पार्क निर्माण तथा संचालन गर्न नेपाली युथ फिटनेस एण्ड क्यालिस्थेनिक्सलाई रु. ५ लाख ७६ हजार आर्थिक सहयोग ।
- लाजिम्पाट क्षेत्रमा स्वास्थ्यका बारेमा सचेतना जगाउने सुचनामुलक लाइट बोर्ड जडान गर्नका लागि बैंकले काठमाडौं महानगरपालिका-२ लाई रु. ५ लाख २० हजार आर्थिक सहयोग ।
- नेपाल आँखा अस्पतालले सामुदायिक विद्यालयको दृष्टि जाँच कार्यक्रम अन्तर्गत पहिचान गरेको ६७५ जना विद्यार्थीहरुलाई नि:शुल्क चस्मा प्रदान गर्नका लागि नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौंलाई रु. ५ लाख ६ हजार आर्थिक सहयोग ।
- त्रिभुवन आर्मी अफिसर्स गल्फ क्लब, काठमाडौंमा वृक्षारोपणको लागि बैकले रु. ५ लाख आर्थिक सहयोग ।
- श्री नन्द बक्स गण आर्मी डिभिजनलाई सि.सि.टि.भि (CCTV) प्रोजेक्टको लागि रु. २ लाख ७ हजार आर्थिक सहयोग ।
- भैरव नाथ गण, महाराजगञ्जलाई सि.सि.टि.भि (CCTV) जडानको लागि बैंकले रु. २ लाख आर्थिक सहयोग ।
- स्वास्थ्य शिविर आयोजनाको लागि भेन्छेन फुन्छोक घाग्येंलिङ गुम्बा, काठमाडौंलाई रु. २ लाख आर्थिक सहयोग ।
- भेरी अस्पताल, नेपालगञ्जमा Queue Management System जडान गर्न रु. १ लाख ६६ हजार आर्थिक सहयोग ।
- डडेलधुरा अस्पताल, डडेलधुरामा पूर्वाधार विकासको लागि बैकले रु. १ लाख २८ हजार आर्थिक सहयोग ।
- कोशिस-नेशनल मेन्टल हेल्थ सेल्फ हेल्प संस्था, भैसेपाटी, ललितपुरलाई महिलाको मानसिक एवं मनोसामाजिक स्वास्थ्य हेरचाहको लागि रु. १ लाख आर्थिक सहयोग ।
- आर्थिक रुपले पिछडिएका बालबालिकाहरुलाई न्यानो कपडा वितरण गर्न गणेशा फाउन्डेशन, पोखरालाई बैंकले रु. १ लाख आर्थिक सहयोग ।
- श्री शिक्षा विकास मा.वि., मोरङ्गमा पूर्वाधार विकासका लागि रोटरी क्लब अफ चन्द्रागिरीलाई रु. १ लाख आर्थिक सहयोग ।
- श्री चमरधप प्राथमिक विद्यालय, विर्तामोडमा पूर्वाधार विकासका लागि राउण्ड टेबल नेपाललाई रु. १ लाख आर्थिक सहयोग ।
- वातावरण संरक्षणको कार्य गर्न श्री सहमति फाउन्डेशन, नवलपरासीलाई नारायणी नदीको किनारमा सुचनामुलक बोर्ड जडान गर्न रु. १ लाख आर्थिक सहयोग ।

➢ गौरादह नगरपालिका अन्तर्गतका विभिन्न सरकारी विद्यालयहरुमा शैक्षिक सामाग्री वितरण गर्न गौरादह नगरपालिकालाई रु. १ लाख आर्थिक सहयोग ।

५. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ अर्न्तगत सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध**

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. <u>सभा विसर्जन:</u>**

सभाको अन्तयमा अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विषेश प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नुभयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुऱ्याउने गरी आफुहरुले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै सभा सौहाद्रपूर्ण वातावरणमा सम्पन्न भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने श्री नेपाल राष्ट्र बैंक, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड एवं लेखापरीक्षक प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आगामी दिनहरु सबैका लागि राम्रा हुन, सबैको मङ्गल होस भनी एक्काइसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह १:०० बजे सभा विसर्जन गर्नु भयो ।

..................
लक्ष्मण घिमिरे
(कम्पनी सचिव)

SiddharthaBank

......................
मनोज कुमार केडिया
(अध्यक्ष)

मिति : २०७९/०९/२८